कुमाख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रागेचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३ (रो.से.के.)
चलानी/सूचना नं. : ११ ६४
८५७८४४८०१
टोल फ्रि नं. : १८१०५०००२०५

मितिः २०८३/०१/०४

श्री सरोकारवालाहरु सबै,
कुमाख गाउँपालिका, सल्यान।

विषयः श्रम संसार प्रणालीमा आवद्ध हुने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा सार्वजनिक सेवा प्रवाहमा डिजिटलाईजेसन गरि एक द्वार प्रणालीमार्फत आन्तरिक रोजगारीका अवसरहरुमा सीपयूक्त, योग्य, दक्ष र क्षमतावान बेरोजगार व्यक्तिहरुको सहज पहुँच कायम गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम संसार प्रणाली (shramsansar.gov.np) वेवपोर्टल कार्यान्वयनमा ल्याएको हुंदा यस गाउँपालिका भित्र रहेका सम्पूर्ण रोजगार खोजकर्ता, सरकारी तथा निजी क्षेत्रका रोजगारदाता र तालिम प्रदायक संस्थाहरुले अनिवार्य श्रम संसार प्रणालीमा आवद्ध भई रोजगार सम्वन्धी सूचना, रोजगारी तथा तालिमका अवसरहरु श्रम संसार प्रणालीमार्फत प्रकाशन गर्नुहुन अनुरोध छ।

..............................
प्र.प्रमुख प्रशासकीय अधिकृत

नोटः रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २ (झ) अनुसार "रोजगारदाता" भन्नाले बेरोजगार व्यक्तिलाई यस ऐन बमोजिम रोजगार दिने नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्तर्गतका कार्यालय तथा निकाय र सार्वजनिक संस्थान तथा सङ्गठित संस्था, उद्योग, प्रतिष्ठान, तथा कानुन बमोजिम संचालनमा रहेका रोजगारमूलक संस्था सम्झनु पर्दछ र सो शब्दले निजी रोजगारीका अवसर उपलब्ध गराउने व्यक्तिलाई समेत जनाउँछ ।

थप जानकारीका लागि
सम्पर्क नम्बरः ९८४९९९०८०९

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सूचना प्रविधि तथा तथ्याङ्क शाखा

पत्र संख्या:- ०८२/८३
चलानी नं.:- ५५

सिंहदरबार, काठमाडौं
नेपाल ।

मिति: २०८३।०१।०४
नेपाल सम्वत: ११४६ चौलागा, आमै

श्री रोजगार सेवा केन्द्र, स्थानीय तह सबै।

विषय: श्रम संसार प्रणालीमा आवद्ध गराउने सम्वन्धमा।

प्रस्तुत विषयमा सार्वजनिक सेवा प्रवाहमा डिजिटलाईजेसन गर्ने उद्देश्यले मन्त्रालय मातहत रहेका सम्पूर्ण डिजिटल प्रणालीहरुलाई 'श्रम संसार' मार्फत एकीकृत गरी एकद्वार प्रणालीवाट सञ्चालन गर्नुपर्ने भएकाले श्रम र रोजगारसँग सम्वन्धित सरोकारवालाहरूलाई उक्त प्रणालीमा आवद्ध गर्न तहाँ स्थानीय तहमा रहेका सम्पूर्ण रोजगार खोजकर्ता, निजी क्षेत्र/रोजगारदाता, जब एजेन्सी तथा तालिम प्रदायकलाई श्रम संसारमा दर्ता गर्न आह्वान गर्ने र श्रम तथा रोजगार सम्वन्धी सूचना, रोजगारी तथा तालिमका अवसरहरु श्रम संसार मार्फत अनिवार्य प्रकाशन गर्ने व्यवस्था ७(सात) दिन भित्र मिलाउनुहुन आदेशानुसार अनुरोध छ।

२०८२।०१।०४
.................
उत्तम शर्मा
शाखा अधिकृत